# राष्ट्रिय मानव अधिकार आयोग
## National Human Rights Commission of Nepal

केन्द्रीय कार्यालय (Central Office)
हरिहर भवन, पुल्चोक, ललितपुर (Harihar Bhawan, Pulchowk, Lalitpur, Nepal)

राष्ट्रिय मानव अधिकार आयोग
नेपाल

## प्रेस विज्ञप्ति

(आमसञ्चारका माध्यममा तत्काल उपयोगको लागि)

२०७४ असोज २४ गते

### आम नागरिकको जीवनको अधिकारको सुनिश्चित गर ।

नेपाल निर्माण व्यवसायी महासंघका अध्यक्ष शरदकुमार गौचनको असोज २३ गते सोमबार गोली प्रहारबाट भएको हत्याको घटनाप्रति आयोगको गम्भीर ध्यानाकर्षण भएकोछ ।

आफ्नो घरबाट निस्की गन्तव्यतर्फ अघि बढ्दै गर्दा काठमाण्डौंको व्यस्त स्थानमा दिउँसै गोली हानी व्यक्तिको हत्या हुनुले आम नागरिकहरुमा असुरक्षाको अवस्था रहेको बुझिएकोछ । हत्या गरिएका निज गौचनको ज्यान खतरामा रहेको विषय सुरक्षा निकायलाई जानकारी गराउँदा गराउँदै पनि त्यस्तो घटना हुनुले सुरक्षा निकायको सुरक्षा संवेदनशीलता कमजोर भएको देखिन्छ । राज्यले आफ्ना नागरिकहरुको प्रभावकारी सुरक्षा गर्न नसकेको कारण नेपाल पक्षराष्ट्र भएको नागरिक तथा राजनीतिक अधिकार सम्बन्धि संयुक्त राष्ट्र संघीय महासन्धि, १९६६ को धारा ६ तथा नेपालको संविधानको धारा १६ द्वारा प्रदत्त जीवनको अधिकार हनन् भएको हो । यसरी आफ्ना नागरिकको शान्ति सुरक्षाको प्रत्याभूति गर्ने अन्तर्राष्ट्रिय कानूनहरुले तोकेको प्रमुख दायित्वबाट राज्य विमुख हुन पुगेको पाइएको छ ।

अतः उक्त घटनाको तत्काल प्रभावकारी अनुसन्धान गरी निज गौचनको हत्यामा संलग्न दोषीलाई यथाशीघ्र कानुन बमोजिम कारवाही गर्न तथा आम नागरिकको जीवनको अधिकार सुनिश्चित गरी भयमुक्त वातावरणमा बाँच्न पाउने हकको पूर्ण प्रत्याभूति गर्न आयोग नेपाल सरकारलाई आग्रह गर्दछ ।

मोहना अन्सारी
सदस्य/प्रवक्ता

फोन नं. ५०१००१५, फ्याक्स नं. ००९७७-१-५५४७९७३ पो.ब.नं. ९१८२ काठमाण्डौ, नेपाल
Phone: +977 1 5010015, Fax: +977 1 5547973, G.P.O. Box: 9182, Kathmandu, Nepal
Email: nhrc@nhrcnepal.org, Website: www.nhrcmpal.org